Regd. No. 1300/067/068
PAN: 600232009

# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
# Hydroelectricity Investment And Development Company Ltd.

(नेपाल सरकारको स्वामित्व रहेको वित्तीय संस्था)

प.सं. ०८२/८३
च.नं. (Ref.No.): ४६९

मितिः २०८२/०९/३०

श्री नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ।

विषयः <u>चौधौं वार्षिक साधारण सभाको माइन्यूट पेश गरिएको सम्बन्धमा।</u>

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको चौधौं वार्षिक साधारण सभा मिति २०८२ साल पौष २१ गते सम्पन्न भएकोले उक्त साधारण सभामा भएको काम कारवाहीको विवरण (माइन्यूट) तहाँको जानकारीको लागि यसै पत्रसाथ संलग्न गरी पेश गरिएको व्यहोरा अनुरोध गर्दछु।

रमेश पनेरू
प्रमुख प्रवन्धक/कम्पनी
सचिव

*संलग्नः*

*१. चौधौं वार्षिक साधारण सभामा भएको काम कारवाहीको विवरण (माइन्यूट)।*

# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

नयाँ वानेश्वर, काठमाण्डौ।

## कम्पनीको चौधौं वार्षिक साधारण सभामा भएको काम कारबाहीको विवरण (माइन्यूट)

यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको चौधौं वार्षिक साधारण सभा मिति २०८२ साल पौष २१ गते सोमबार बिहान १०:०० बजेदेखि कार्की ब्याङ्केट, बबरमहल, काठमाण्डौमा बस्यो। साधारण सभाको उपस्थिति, प्रस्तावहरु, छलफल, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको वैधानिकता, अध्यक्षता, सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति, निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण निम्न अनुसार रहेको छः-

**सभामा उपस्थितिः**

<u>सञ्चालकहरुको उपस्थिति</u>

१. श्री चिरञ्जीवी चटौत -अध्यक्ष
सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

२. श्री महेश आचार्य -सञ्चालक
सहसचिव, अर्थ मन्त्रालय

३. श्री दल वहादुर अधिकारी -सञ्चालक
नेपाल सरकार, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय

४. श्री महेश रिमाल -सञ्चालक
नायव प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय जीवन वीमा कम्पनी लि.

५. श्री अनुज्ञा सापकोटा -सञ्चालक
उपसमुह क-२ का संस्थापक शेयरधनीहरुको तर्फबाट

६. श्री माधव प्रसाद कोइराला -सञ्चालक
स्वतन्त्र सञ्चालक

<u>शेयरधनीहरुको उपस्थितिः</u>

**(क) संस्थापक शेयरधनीहरु (अन्य संस्थापक समूह बाहेक) को तर्फबाट प्रतिनिधित्व गरी स्वयम् उपस्थिति — जम्मा ७ जना**

१. श्री यज्ञ प्रसाद सुवेदी, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

२. श्री उद्धव पौडेल, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, अर्थ मन्त्रालय

३. श्री सरिता अधिकारी, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. श्री शुभाष चन्द्र अर्याल, लेखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय

५. श्री रामचन्द्र पोखेल, वरिष्ठ प्रवन्धक
प्रतिनिधि, कर्मचारी सञ्चय कोष

६. श्री रेशम कृष्ण सोम पौडेल, व्यवस्थापक
प्रतिनिधि, राष्ट्रिय वीमा संस्थान

७. श्री सुरेश चालिसे
प्रतिनिधि, नागरिक लगानी कोष

**(ख) अन्य संस्थापक समूहका शेयरधनीहरुको उपस्थितिः** ३५ जना (२४०,६६२ कित्ता शेयर)

**(ग) सर्वसाधारण शेयरधनीहरु (समूह "ख") को उपस्थितिः** ८९६ जना (४३,१९७ कित्ता शेयर)

<u>कम्पनीका कर्मचारीहरुको उपस्थितिः</u>

१. श्री प्रजेश विक्रम थापा, प्रमुख कार्यकारी अधिकृत
२. श्री ऋषिराम पण्डित, नायव प्रमुख कार्यकारी अधिकृत (वित्त)
३. श्री सम्झना छुस्याबाग, नायव प्रमुख कार्यकारी अधिकृत (हाइड्रो)
४. श्री रमेश पनेरु, प्रमुख प्रवन्धक/कम्पनी सचिव
५. श्री रुपेश भण्डारी प्रमुख प्रवन्धक
६. श्री वासुदेव भण्डारी, प्रमुख प्रवन्धक
७. श्री दिपक पौडेल, प्रवन्धक
८. श्री पर्शुराम बोगटी, प्रवन्धक
९. श्री अनु अवाल, प्रवन्धक
१०. श्री सरोज पौडेल, प्रवन्धक
११. श्री कौशल राज अधिकारी, वातावरण विज्ञ
१२. श्री स्मृति खतिवडा, वरिष्ठ अधिकृत
१३. श्री सुरज ज्ञवाली, अधिकृत

१४. श्री प्राज्ञिक तिमिल्सिना, अधिकृत

१५. श्री सुरेन्द्र सिनाल, अधिकृत

१६. श्री निशा थापा, अधिकृत

१७. श्री सुमन ढकाल, वरिष्ठ सहायक

१८. श्री मञ्जु महत, वरिष्ठ सहायक

१९. श्री रिता खनाल (पोखेल), कार्यालय सहायक

२०. श्री आयुष्मा भट्टराई, कार्यालय सहायक

२१. श्री राधिका पुन, कार्यालय सहायक

२२. श्री राजकुमारी पुन, कार्यालय सहायक

**नियमनकारी निकायको तर्फबाट उपस्थितिः**

१. श्री सर्मिला खतिवडा, प्रतिनिधि, श्री कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर।
२. श्री दौलत कुमार राजवंशी, प्रतिनिधि, श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक

## छलफलका विषयहरुः

**(क) साधारण प्रस्तावः**

१) आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२) आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।

३) श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता चुक्ता पूँजीको २% (अक्षररुपीः दुई प्रतिशत) का दरले हुने नगद लाभांश र बोनस शेयरमा लाग्ने कर समेत गरी रू. ४९१,१९६,२६८.०० (अक्षरेपी उनन्पचास करोड एघार लाख छयानब्बे हजार दुई सय अठछठ्ठी मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने। *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित नगद लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र*

*वितरण गरिनेछ।)*

५) सर्वसाधारण शेयरधनीहरुमध्येबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने।

**(ख) विशेष प्रस्तावः**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको १.५% (अक्षररुपीः एक दशमलव पाँच प्रतिशत) का दरले हुने रू.३६८,३९७,२०१.०० (अक्षरेपी छत्तिस करोड त्रियासी लाख सन्तानब्बे हजार दुई सय एक मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने। *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित बोनस शेयर नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ।)*

२) कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने।

३) कम्पनीको प्रवन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

४) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. १०,००,०००।- बराबरको खर्च भएकोमा सो को अनुमोदन गर्ने।

**(ग) विविध।**

**सभाको सञ्चालनः**

यस चौधौं वार्षिक साधारण सभाको कार्यक्रम दुई सत्रमा गरिको थियोः

१. पहिलो सत्र — सभाको वैधानिकताको यकिन तथा प्रस्तावहरु उपर छलफल तथा निर्णय।
२. दोश्रो सत्र — सञ्चालकको निर्वाचन अन्तर्गत मतदान एवं परिणाम घोषणा।

## पहिलो सत्र — सभाको वैधानिकताको यकिन तथा प्रस्ताव उपर छलफल तथा निर्णयः

१. सूचना प्रकाशनः

मिति २०८२/०८/२६ गते बसेको सञ्चालक समितिको ३३२औं बैठकको निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ र कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीको चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक विवरण प्रथम पटक मिति २०८२/०८/२८ गते र दोस्रो पटक मिति २०८२/०९/०१ गते अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिकमा प्रकाशन गरी शेयरधनी महानुभावहरुलाई चौधौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान, र छलफल गरिने विषयहरु तथा कम्पनीको संक्षिप्त आर्थिक विवरणका वारेमा जानकारी गराइएको थियो।

यसका अतिरिक्त चौधौं वार्षिक साधारण सभाका बारेमा शेयरधनीहरुलाई सु-सूचित गराउन वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितका वित्तीय विवरणहरु, सञ्चालक निर्वाचन निर्देशिका, सञ्चालक निर्वाचन कार्यक्रम लगायतका सूचना तथा जानकारीहरु कम्पनीको सूचना पाटी र कम्पनीको वेबसाइट www.hidcl.org.np मा समेत नियमित रुपले राखिएको थियो। साथै, आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गरिएको आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौबाट वितरणको व्यवस्था गरिएको थियो।

यस चौधौं वार्षिक साधारण सभाको बारेमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेड, महालेखापरीक्षकको कार्यालय र नेपाल राष्ट्र बैंकमा समेत जानकारी गराइएको थियो।

२. साधारण सभाको गणपूरक संख्याको आधिकारिकताः

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ मा भएको व्यवस्था अनुसार कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५०% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख गरिएकोमा १०:०० बजेसम्ममा सभामा कम्पनीका ७ जना संस्थापक शेयरधनीहरुबाट ६६.०३ प्रतिशत शेयरको प्रतिनिधित्व भएको तथा अन्य संस्थापक उपसमूहबाट ०.०९८ प्रतिशत शेयरको प्रतिनिधित्व गर्दै ३५ जना शेयरधनीहरु र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट ०.०१८ प्रतिशत शेयरको प्रतिनिधित्व गर्दै ८९६ जना शेयरधनीहरुको उपस्थिति भएको यस सभाको हाजिरी पुस्तिकामा देखिएको विवरण शेयर रजिष्ट्रारको तर्फबाट प्राप्त भएको हुनाले चौधौं वार्षिक साधारण सभाको काम कारवाहीका लागि गणपूरक संख्या पुगेको हुँदा कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम सभालाई गणपुरक संख्या पुगेको घोषणा गरियो।

## ३. सभा सञ्चालनको लागि वैधानिकताको यकिन तथा सभाको अध्यक्षताः

चौधौं वार्षिक साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिमको गणपूरक संख्या पुगेको कुरा शेयरधनीहरुको हाजिरी पुस्तिकाबाट देखिएको र कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभाको वैधानिकता माथि छलफल गर्दा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुलाई समयमा नै सूचना प्रकाशित गरी जानकारी गराइएको देखिएको हुँदा यस चौधौं वार्षिक साधारण सभा रीतपूर्वक बोलाइएको पाईएको भनी उपस्थित शेयरधनीहरुबाट सभाको काम कारवाही गर्न स्वीकृति प्राप्त भए बमोजिम कम्पनी सचिवबाट जानकारी गराई सभाको काम कारवाही शुरु गर्न सभाले जिम्मेवारी प्रदान गर्‍यो।

कम्पनी ऐन, २०६३ को दफा ७४ तथा कम्पनीको नियमावलीको नियम १९ मा व्यवस्था भए बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री चिरञ्जीवी चटौतको अध्यक्षतामा यस चौधौं वार्षिक साधारण सभाको काम कारवाही शुरु गरियो।

## ४. सभा सञ्चालन तथा सञ्चालक समितिको प्रतिवेदन प्रस्तुतिः

संचालक समितिको तर्फबाट सभाका अध्यक्ष श्री चिरञ्जीवी चटौतले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको ३३२औं बैठकबाट स्वीकृत भए अनुसारको आर्थिक वर्ष २०८१।८२ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो। सञ्चालक समितिको उक्त प्रतिवेदन सहितको कम्पनीको आर्थिक वर्ष २०८१/८२ का वित्तीय विवरणहरु, लेखापरीक्षकको प्रतिवेदन र कम्पनीको सञ्चालक समितिबाट पेश गरिएका प्रस्तावहरु उपर छलफल गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा, सुझाव आदि भए सभामा व्यक्त गर्न अध्यक्षले शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो।

## ५. शेयरधनीहरुको जिज्ञासा तथा सुझावः

सभामा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन एवं प्रस्तावहरु उपर शेयरधनीहरुको सल्लाह, सुझाव, जिज्ञासाको लागि आव्हान गरिएकोमा देहाय अनुसार संस्थापक तथा सर्बसाधारण शेयरधनीहरुका तर्फबाट सल्लाह, जिज्ञासा तथा सुझाव प्राप्त भयो।

- सर्वसाधारण शेयरधनीका तर्फबाट श्री जगन्नाथ आचार्यले राष्ट्रिय लक्ष्य प्राप्तिका लागि जलविद्युत् तथा अन्य नवीकरणीय क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियबाट लगानी जुटाउनका लागि निरन्तर रूपमा प्रयासरत रहेको HIDCL कम्पनीले शेयरधनीको हैसियतबाट आफ्ना विचार राख्न दिएकोमा गौरवबोध भएको बताउनुहुँदै लगानीकर्ताले कम्पनीसँग आशा राख्ने भनेकै आफ्नो लगानीको उचित प्रतिफल भएको बताउनुभयो । आचार्यलेले कम्पनीले लगानीकर्तालाई दिएको लाभांशबाट सन्तोष लिने ठाउँ नभए तापनि

कम्पनीले लिएको लक्ष्य र गरेको लगानीले आगामी दिनमा लगानीकर्तालाई सन्तोष दिलाउनेमा आशावादी भएको बताउनुभयो । आचार्यले कम्पनीले नगद होइन बोनसको व्यवस्था गरोस् भन्दै खर्च र आयलाई सन्तुलन मिलाउनु नै कम्पनीले लगानीकर्तालाई खुसी पार्ने आधार हो भन्नुभयो। उहाँले निर्वाचन प्रक्रियामा पनि सहमति प्रणालीमा हुन सके लगानीकर्तालाई कम्पनीप्रति थप विश्वास बढ्ने भन्दै कम्पनीका बाँकी एजेण्डाप्रति आफू सहमति भएको र कम्पनीले लगानीकर्ताको मनोभावनाअनुसार आफ्ना गतिविधि अगाडि बढाउनुपर्ने सुझाव प्रस्तुत गर्नुभयो ।

- संस्थापक शेयरधनी श्री महालेखा नियन्त्रकका तर्फबाट आउनुएका प्रतिनिधि श्री शुभाष चन्द्र अर्यालले कम्पनीको विगत र वर्तमानको मुनाफाका बिचमा सन्तुलन नदेखिएको भन्दै यसबारे कम्पनीले आफ्नो स्थापनाको औचित्य वा उद्देश्यअनुसार अगाढि बढ्दा उचित प्रतिफल प्राप्त गर्न सकिने विचार व्यक्त गर्नुभयो । अर्यालले कम्पनीले लगानी विविधीकरणलाई उचित रूपमा सम्बोधन गर्न सक्नुपर्ने भन्दै कम्पनीले लगानी गरेका ठाउँबाट उचित 'क्यास फ्लो' (नगद प्रवाह) ल्याउन सक्नुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले पुँजीअनुसारको 'विजनेस' (व्यवसाय) फस्टाउन नसकेको प्रति चासो राख्दैं त्यसप्रति संस्था सचेत हुनुपर्ने अभिव्यक्ति प्रस्तुत गर्नुभयो । अर्यालले कम्पनीले लगानी गरेका परियोजना र कम्पनीको लगानी उद्देश्यअनुसार सन्तुलन कायम गर्न सके संस्थाले थप प्रगति गर्न सक्ने समीक्षात्मक टिप्पणीसहित आफ्ना सुझाव प्रस्तुत गर्नुभयो।

- सर्वसाधारण शेयरधनी श्री जगत् जङ्ग जिसीले सर्वसाधारण शेयरधनीको लगानीलाई कम्पनीले उचित सम्बोधन गर्नुपर्ने भन्दै कम्पनीले आफ्नो स्थापना उद्देश्यअनुसार लाग्न सुझाव पेस गर्नुभयो । जिसीले कम्पनीले लगानीकर्ताको मनोभावनाअनुसार काम गर्नु कम्पनीको विशेष कर्तव्य भएको बताउनुहुँदै आगामी दिनमा 'क्यास फ्लो' (नगद प्रवाह) बारे उचित विश्लेषण गरी अगाडि बढ्न भन्दै कम्पनीले आफ्नो भावी योजनालाइ लगानीमैत्री बनाउनुपर्ने सुझाव दिनुभयो

- सर्वसाधारण शेयरधनी श्री युगल वसेलले आगामफ वर्ष मंशिर महिनाभित्रै साधारण सम्पन्न गर्नु पर्ने, लगानी विविधिकरण गरी आम्दानीको नयाँ स्रोत वढाउने, व्याजमा मात्र सिमित नरहने, इम्पेयरमेन्ट घटाउने, आगामी वर्ष ८ प्रतिशत प्रतिपल दिन सक्ने अवस्थामा लैजाने लगायत सुझावहरु प्रस्तुत गर्नु भयो।

- शेयरधनी श्री भेषराज भण्डारीले लगानी सम्वन्धी वृहत दायरा भएको यस कम्पनीले लगानी विविधिकरण गरी राम्रो मुनाफा आर्जन गर्ने कार्ययोजनाका साथ कार्य गर्नका लागि लिखित सुझाव पेश गर्नु भयो। त्यसैगरि लिखित सुझाव पेश गर्नु हुने अर्का शेयरधनी श्री लक्ष्मण बहादुर श्रेष्ठले कम्पनीको आफ्नै कर्पोर्ट भवन निर्माणमा के कसो विचार गर्नु भएको छ? कम्पनीलाई जेनजी आन्दोलन र वर्षाले के कति प्रभाव पुर्याएको छ भन्ने जिज्ञासा राख्नु भएको र आजको दिनसम्म कम्पनीलाई यहाँसम्म ल्याउन काम गर्न कर्मचारीप्रति आभार प्रकट गर्दै सभामा पेस हुने सबै एजेण्डामा आफ्नो पुर्ण समर्थन जनाउदै वार्षिक

साधारण सभाको सफलताको शुभकामना सन्देश दिनुभयो।

सभामा विभिन्न शेयरधनीहरुबाट व्यक्त गरिएका राय एवं सुझावहरुका लागि धन्यवाद दिँदै प्रमुख कार्यकारी अधिकृत श्री प्रजेश विक्रम थापाले शेयरधनीहरुबाट उठेका प्रमुख सवाल तथा जिज्ञासाहरु नगद तथा वोनस शेयर वितरण समन्धी लाभांश नीति, खर्च व्यवस्थापन, व्यवसाय विस्तार र विविधिकरण तथा कर्मचारी कार्यसम्पादन लागयत विषयहरुबारे सम्वोधन गर्नुभयो। साथै कम्पनीले प्रबन्धपत्र तथा नियमावलीले दिएको कार्यादेश, उर्जा क्षेत्रको विकास तथा लगानीसम्बन्धी नेपाल सरकारले अवलम्बन गरेका नीति, योजना तथा कार्यक्रम, लगानीको समग्र वातावरणको विश्लेषण तथा कम्पनीले विगतमा अवलम्बन गरेको रणनीति र हासिल गरेको उपलब्धिको समीक्षा समेतका आधारमा कम्पनीको भावी गन्तव्य, लक्ष्य र मार्गचित्रसहितको आगामी चार वर्षे रणनीतिक व्यवसायिक योजना (आर्थिक वर्ष: २०८२/८३ देखि २०८५/८६) तयार गरी कार्यान्वयन अघि वढाइएको जानकारी दिनुभयो।

## ६. प्रस्तावहरु उपर छलफल तथा निर्णयहरुः

### (क) सामान्य प्रस्तावहरुः

**प्रस्ताव नं. १:** **आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।**

निर्णय: सञ्चालक समितिका तर्फबाट पेश भएको कम्पनीको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन माथि सभामा वृहत छलफल गरी पारित गर्न अध्यक्षले सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा सो प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. २:** **आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।**

**निर्णयः** लेखापरीक्षक चार्टर्ड एकाउन्टेण्ट श्री ठाकुर प्रसाद अधिकारीबाट कम्पनीको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण कार्य सम्पन्न गरी जारी गरिएको लेखापरीक्षकको प्रतिवेदन तथा २०८२ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. ३:** **श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०८२/८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।**

**निर्णयः** लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा सङ्गठित संस्थाले लेखापरीक्षण नियुक्त गर्दा

महालेखापरीक्षकको परामर्श लिनुपर्नेछ भन्ने व्यवस्था रहेबमोजिम यस कम्पनीबाट श्री महालेखापरीक्षकको कार्यालयमा चालु आर्थिक वर्षका लागि लेखापरीक्षक नियुक्तिका लागि परामर्श माग भएकोमा सो कार्यालयबाट हालसम्म परामर्श प्रदान नभएकोले श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्रदान गरिए बमोजिमका लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिकको हकमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले जारी गरेको "लेखा व्यवसाय फर्मको मापदण्ड तथा शुल्क सम्बन्धी निर्देशिका, २०७८ (पहिलो संशोधन २०८०) को दफा ६ बमोजिम सूचीकृत सार्वजनिक वित्तीय संस्थाहरूको लेखापरीक्षण गर्दा कुल निक्षेप वा कर्जा लगानी जुन बढी हुन्छ त्यसको आधारमा निर्धारण गर्ने व्यवस्था रहेकाले यस कम्पनीको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गरिएका वित्तीय विवरणबमोजिम कुल लगानी प्रवाह रु. ७.४८ अर्ब रहेकोले निर्देशिका अनुरूप लेखापरीक्षण शुल्क रु. ५,००,०००(अक्षरुपी रु. पाँच लाख) कायम गर्न सञ्चालक समितिले १४औं वार्षिक साधारणसमक्ष सिफारिस गर्ने निर्णय गरेकोले सोबमोजिम लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक निर्धारण गर्नका लागि सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने प्रस्ताव सभामा पेश हुँदा आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्नका लागि श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्रदान गरिए बमोजिमका लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक मुल्य अभिवृद्धि कर वाहेक रु. ५,००,००० (अक्षरुपी रु. पाँच लाख मात्र) कायम गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो।

**प्रस्ताव नं. ४:** सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता चुक्ता पूँजीको २% (अक्षररुपीः दुइ प्रतिशत) का दरले हुने नगद लाभांश र वोनस शेयरमा लाग्ने कर समेत गरी रू. ४९१,१९६,२६८.०० (अक्षरुपी उनन्पचास करोड एघार लाख छ्यानब्बे हजार दुई सय अठछट्ठी रुपैया मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने।

**निर्णयः** सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको २% (अक्षररुपीः दुई प्रतिशत) का दरले हुने रू. ४९१,१९६,२६८.०० (अक्षरुपी उनन्पचास करोड एघार लाख छ्यानब्बे हजार दुई सय अठछट्ठी रुपैया मात्र) नगद लाभांश (कर सहित) प्रदान गर्न स्वीकृत गर्ने र कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) को अधिनमा रही नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात सो लाभांश वितरण गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

**प्रस्ताव नं. ५:** सर्वसाधारण शेयरधनीहरुमध्येबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने।

**निर्णयः** कम्पनीको सञ्चालक समितिको गठन सम्बन्धमा कम्पनीको नियमावलीको नियम २७ को उपनियम (२) को खण्ड (ख) मा समूह "ख" का सर्वसाधारण शेयरधनीहरु मध्येबाट निर्वाचित १ जना सञ्चालक रहने व्यवस्था रहेको छ। साथै सोही नियमको उपनियम (३) मा सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ भन्ने व्यवस्था रहेको छ।

सम्वत् २०७८ साल पौष २२ गते सम्पन्न कम्पनीको दशौं वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनीहरुमध्येबाट प्रतिनिधित्व गर्ने सञ्चालकमा श्री सुधीर ज्ञवाली निर्वाचित हुनु भएको र वहाँको कार्यकाल यही २०८२ साल पौष २१ सम्म भएकोमा वहाँले मिति २०८२।०९।१८ गते आफ्नो पदवाट राजिनामा दिनुभई सोही मितिबाट लागु हुने गरी सञ्चालक समितिको वैठकले स्वीकृत गरेको थियो।

सञ्चालक पदको लागि निर्वाचन गर्नको लागि सञ्चालक समितिबाट अधिवक्ता श्री शरद रानामगरलाई निर्वाचन अधिकृत नियुक्त गरिएको थियो। निर्वाचन अधिकृत श्री रानामगरबाट कम्पनीको सर्वसाधारण शेयरधनीहरुमध्येबाट प्रतिनिधित्व गर्ने सञ्चालक निर्वाचन निर्देशिका, २०८२ बमोजिम मिति २०८२/०९/११ गते निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गरिएको थियो।

तसर्थ, पहिलो सत्रको कार्यम्रम सकिएपछि कम्पनीको नियमावलीको नियम २७ को उपनियम (२) को खण्ड (ख) मा समूह "ख" का सर्वसाधारण शेयरधनीहरु मध्येबाट निर्वाचित १ जना सञ्चालक निर्वाचन गर्ने र मतदान प्रक्रियबाट जुन उम्मेदवारले सबै भन्दा बढी मत प्राप्त गर्नुहुन्छ वहाँलाई सञ्चालक नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

सभाबाट निर्णय भए अनुसार सभाका अध्यक्षज्युले सर्वसाधारण शेयरधनीहरूको समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदका लागि आफ्नो मताधिकार प्रयोग गरी सञ्चालक निर्वाचित गराउनु हुन सम्बन्धित समूहका शेयरधनीहरुलाई मतदान कार्यक्रममा भाग लिन आव्हान गर्नु भयो।

(ख) विशेष प्रस्तावहरुः

प्रस्ताव नं. १: सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको १.५% (अक्षररुपीः एक दशमलव पाँच प्रतिशत) का दरले हुने रू.३६८,३९७,२०१.०० (अक्षरेपी छत्तिस करोड त्रियासी लाख सन्तानब्बे हजार दुई सय एक रुपैया मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने। *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित वोनस शेयर नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ।)*

निर्णयः सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको १.५% (अक्षररुपीः एक दशमलव पाँच प्रतिशत) का दरले हुने रू.३६८,३९७,२०१.०० (अक्षरेपी छत्तिस करोड त्रियासी लाख सन्तानब्बे हजार दुई सय एक रुपैया मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) को अधिनमा रही नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात सो वोनस शेयर वितरण गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

प्रस्ताव नं. २: कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने।

निर्णयः सभाका अध्यक्षज्यूले कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न विशेष प्रस्ताव गर्नु भएकोमा सभामा छलफल गर्दा देहाय बमोजिम संलग्न "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (तेह्रौं संशोधन) प्रबन्धपत्र, २०८२" र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (तेह्रौं संशोधन) नियमावली, २०८२" सर्वसम्मतिबाट पारित गरियो।

## प्रवन्धपत्रको संशोधन

## हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (तेह्रौं संशोधन) प्रबन्धपत्र, २०८२

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रबन्धपत्र, २०६८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको साधारण सभाले यो प्रबन्धपत्र

बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस प्रबन्धपत्रको नाम "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (तेह्रौं संशोधन) प्रबन्धपत्र, २०८२" रहेको छ।

(२) यो प्रबन्धपत्र साधारण सभाबाट पारित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रबन्धपत्र, २०६८ को दफा ४ मा संशोधन**: हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रबन्धपत्र, २०६८ (यसपछि "मूल प्रबन्धपत्र" भनिएको) को दफा ४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) यस कम्पनीका उद्देश्य देहाय बमोजिम हुनेछन्:-

(क) जलविद्युत वा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण र व्यापारसँग सम्बन्धित वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजना वा सङ्गठित संस्थामा शेयर वा ऋण लगानी गर्ने।

(ख) बैङ्क, वित्तीय संस्था, बीमा कम्पनी, गैरबैङ्किङ वित्तीय संस्था वा अन्य निकायहरूसँगको सहकार्य तथा सहभागितामा जलविद्युत वा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण र व्यापारसँग सम्बन्धित वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजना वा सङ्गठित संस्थामा लगानी गर्ने।

(ग) जलविद्युत वा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण र व्यापारसँग सम्बन्धित वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजना वा सङ्गठित संस्थामा वित्तीय लगानी गर्ने प्रयोजनका लागि विदेशी संस्थाबाट लगानी, ऋण वा अनुदान प्राप्त गर्ने।

(घ) कम्पनीले आफ्नो नामबाट बण्ड, डिबेञ्चर लगायतका ऋणपत्रहरू तथा सर्टिफिकेट अफ डिपोजिटजस्ता वित्तीय उपकरणहरू जारी गरी दीर्घकालीन प्रकृतिको पुँजी परिचालन गर्ने।

(ङ) जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनाका लागि जारी हुने बण्ड, डिबेञ्चरजस्ता ऋणपत्रमा कम्पनीले लगानी गर्ने।

(च) जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनाको मूल्याङ्कनको लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्ने।

(छ) आफ्नो स्वामित्वमा सहायक कम्पनी स्थापना गरी जलविद्युत वा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण र व्यापारसँग सम्बन्धित व उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजना लिई लगानीकर्ता जुटाउने।

(ज) सम्बन्धित निकायको स्वीकृतिमा सामुहिक लगानी कोष स्थापना तथा सञ्चालन

गर्ने।

(झ) जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनाको विकासका लागि नेपाल सरकारद्वारा सञ्चालित पुँजी सङ्कलनका कार्यक्रम वा योजनाहरूको कोष व्यवस्थापकको रूपमा कार्य गर्ने।

(ञ) ऊर्जासँग सम्बन्धित अध्ययन, अनुसन्धान, परामर्श लगायतका सेवा प्रदान गर्ने तथा त्यस्तो सेवाप्रदायक कम्पनीमा शेयर वा ऋण लगानी गर्ने।

(ट) प्रचलित कानून बमोजिम स्थापित प्राइभेट इक्विटी वा भेञ्चर क्यापिटल फण्डले व्यवस्थापन गर्ने जलविद्युत वा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण र व्यापारसँग सम्बन्धित वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजना वा सङ्गठित संस्थामा लगानी गर्ने सम्बन्धी विशिष्टीकृत कोष प्रवर्द्धन गर्ने तथा त्यस्तो कोषमा लगानी गर्ने।"

३. **मूल प्रबन्धपत्रको दफा ५ मा संशोधन** : मूल प्रबन्धपत्रको दफा ५ को,-

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैङ्क, बीमा कम्पनी, गैरबैङ्किङ वित्तीय संस्था वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी ऋण लिने।"

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

"(च) कम्पनीले आर्थिक तथा प्रविधिक रूपले सम्भाव्य जलविद्युत वा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण र व्यापारसँग सम्बन्धित वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनाको निम्ति वित्तीय साधन लगानीका लागि कम्पनी समक्ष पेस हुन आउने विस्तृत परियोजना अध्ययन प्रतिवेदन विश्लेषण गरी उपयुक्तताको आधारमा त्यस्तो परियोजनामा लगानी गर्ने।"

(३) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :-

"(झ) कम्पनीले स्वदेशी वा विदेशी सङ्गठित संस्थासँगको संयुक्त लगानीमा जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा संस्थापक शेयरधनीको रूपमा लगानी गर्ने।"

(४) खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छ :-

"(ट) कम्पनीले नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त गरी जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा प्रत्यक्ष वा कुनै बैङ्क वा वित्तीय संस्था मार्फत अप्रत्यक्ष वा अनलेण्डिङ्ग रूपमा ऋण प्रवाह गर्ने।"

(५) खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छ :-

"(ठ) जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम ऋणको रूपमा प्रवाह गर्ने वा ऋण व्यवस्थापन गर्ने।"

(६) खण्ड (ढ१) को सट्टा देहायको खण्ड (ढ१) राखिएको छ :-

"(ढ१) कम्पनीले जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजना आफ्नो स्वामित्वमा लिई सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन, विस्तृत अध्ययन गरी वा गराई निर्माण गर्न आवश्यक कार्य गर्ने।"

४. <u>मूल प्रबन्धपत्रको दफा ६ मा संशोधन</u> : मूल प्रबन्धपत्रको दफा ६ को खण्ड (ख), (ग) र (घ) को सट्टा देहायका खण्ड (ख), (ग) र (घ) राखिएका छन् :-

"(ख) कम्पनीको तत्काल जारी शेयर पुँजी रु. २४,९२,८२,१०,६००।- (अक्षरेपि चौबिस अर्ब बयानब्बे करोड बयासी लाख दश हजार छ सय रुपैयाँ) हुनेछ। सो पुँजीलाई प्रतिशेयर रु. १००।- (अक्षरेपि एक सय रुपैयाँ) दरका २४,९२,८२,१०६ (चौबिस करोड बयानब्बे लाख बयासी हजार एक सय छ) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ग) कम्पनीका संस्थापकहरूले तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु. १९,८६,३७,६६,६००।- (अक्षरेपि उन्नाइस अर्ब छयासी करोड सैंतिस लाख छैसठ्ठी हजार छ सय रुपैयाँ) र सर्वसाधारणले चुक्ता गर्न कबुल गरेको पुँजी रु. ५,०६,४४,४४,०००।- (अक्षरेपि पाँच अर्ब छ करोड चौवालिस लाख चौवालिस हजार रुपैयाँ) हुनेछ।

(घ) संस्थापक शेयरधनीहरूलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ७९.६८ प्रतिशत हुनेछ। यो समूहलाई देहाय बमोजिम २ वटा उपसमूहमा विभाजन गरिएको छ :-

| क्र.सं. | शेयरधनीको विवरण | शेयर संख्या (कित्ता) |
| --- | --- | --- |
| | उपसमूह क-१ | |
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | ५,०६,४४,४४० |
| २. | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २,५३,२२,२२० |
| ३. | नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २,५३,२२,२२० |
| ४. | नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय | २,५३,२२,२२० |
| | उपसमूह क-२ | |

| | | |
|---|---|---|
| ५. | कर्मचारी सञ्चय कोष | १,२६,६१,११० |
| ६. | राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड | १,२६,६१,११० |
| ७. | नागरिक लगानी कोष | १,२६,६१,११० |
| ८. | अन्य संस्थापक | ३,४०,४३,२३६ |

"

५. <u>**मूल प्रबन्धपत्रको दफा ११ मा संशोधन**</u> : मूल प्रबन्धपत्रको दफा ११ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :-

"(६) कम्पनीले जलविद्युत परियोजनामा लगानी गर्दा कम्तीमा २५ मेगावाट वा सो भन्दा बढीका मझौला तथा ठूला जलविद्युत उत्पादन परियोजनामा संस्थापक शेयरधनीका रूपमा शेयर लगानी तथा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा ऋण प्रदान गर्नेछ।

तर, देहायको अवस्थामा सो व्यवस्था लागू हुने छैन :—

(क) कम्पनीबाट लगानी भएको परियोजनाको प्रवर्द्धकबाट निर्माण गरिने सो परियोजनाको क्यास्केड (**Cascade**) परियोजनामा लगानी गर्दा,

(ख) कम्पनीबाट लगानी भएको परियोजनाको क्षमता वा उत्पादन अभिवृद्धि गर्ने योजना अनुसार निर्माण गरिने पूरक परियोजनामा लगानी गर्दा,

(ग) कम्पनी आफैंले लगानी गरेको परियोजना वा सङ्गठित संस्था मार्फत् विकास गरिने परियोजनामा लगानी गर्दा,

(घ) नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाद्वारा विकास गरिने परियोजनामा लगानी गर्दा, वा

(ङ) जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित कुनै परियोजना वा सङ्गठित संस्थाले सर्वसाधारणलाई शेयर निष्कासन गर्नुअघि त्यस्तो परियोजना वा सङ्गठित संस्थालाई अल्पकालीन कर्जा (ब्रिज फाइनान्सिङ) लगानी गर्दा।"

६. <u>**मूल प्रबन्धपत्रको दफा १२ मा संशोधन**</u> : मूल प्रबन्धपत्रको दफा १२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) यो कम्पनीले जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा मात्र लगानी गर्ने गरी नेपाली नागरिक, गैरआवासीय नेपाली, स्वदेशी वा विदेशी संस्थाले

खरिद गर्न पाउने गरी सर्टिफिकेट अफ डिपोजिट जारी गर्ने र परियोजनामा ऋण प्रवाह गर्नका लागि उक्त कार्य प्रारम्भ गर्नुअघि नेपाल राष्ट्र बैङ्कबाट पूर्व स्वीकृति लिनेछ।

तर,प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिएका नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति लिनुपर्ने कार्य बाहेक अन्य कार्य प्रारम्भ गर्ने गरी कम्पनी संस्थापना गर्नुअघि नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिन अनिवार्य हुने छैन।"

७. <u>मूल प्रबन्धपत्रको अनुसूचीमा संशोधन</u> : मूल प्रबन्धपत्रको खण्ड (क) को प्रकरण २ को,-

(१) उपप्रकरण २.३ र २.४ को सट्टा देहायका उपप्रकरण २.३ र २.४ राखिएका छन् :-

"२.३ बैङ्क वा वित्तीय संस्थाहरू मार्फत जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा लगानी गर्नका लागि त्यस्ता बैङ्क वा वित्तीय संस्थाहरूलाई थोक ऋण (अनलेण्डिङ्ग) उपलब्ध गराउने वा सहवित्तीयकरणमा सहभागी हुने।

२.४ जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनालाई पच्चीस करोड रुपैंया र सोभन्दा बढीको प्रत्यक्ष ऋण प्रवाह गर्ने।"

(२) उपप्रकरण २.४ पछि देहायको उपप्रकरण २.५ थपिएको छ :-

"२.५ उदीयमान ऊर्जा प्रविधि अन्तर्गत विद्युतीय चार्जिङ स्टेसन, ग्रीन हाइड्रोजन, ब्याट्री ऊर्जा भण्डारण प्रणाली, स्मार्ट ग्रिड, स्मार्ट मिटर तथा डिजिटल लगायत ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा ऋण तथा शेयर लगानी गर्ने।"

## <u>नियमावलीको संशोधन</u>

## हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (तेह्रौं संशोधन) नियमावली, २०८२

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको नियमावली, २०६८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको साधारण सभाले यो नियमावली बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस नियमावलीको नाम "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (तेह्रौं संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली साधारण सभाबाट पारित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको नियमावली, २०६८ को नियम ३६ मा संशोधन</u> : हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको नियमावली, २०६८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३६ को उपनियम (७) पछि देहायका उपनियम (८), (९) र (१०) थपिएका छन् :-

"(८) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक अवधिको लागि पुनः नियुक्त हुन सक्नेछ।

(९) प्रमुख कार्यकारी अधिकृतले सञ्चालक समितिसँग कार्यसम्पादन सम्झौता गर्नेछ।

(१०) उपनियम (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृतले सञ्चालक समितिसँग गरेको सम्झौता बमोजिमको कार्यसम्पादन सन्तोषजनक नभएमा वा कार्यक्षमताको अभाव वा खराब आचरण भएमा निजलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ।

तर, त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।"

३. <u>मूल नियमावलीको नियम ४९ मा संशोधन</u> : मूल नियमावलीको नियम ४९ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई यस कम्पनीले जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा लगानी गर्न तथा त्यस्तो परियोजना विकास गर्नका लागि मात्र आवश्यक कारोबार गर्नेछ।"

(२) उपनियम (५क) र (६) झिकिएका छन्।

४. <u>रूपान्तर</u> : मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "राष्ट्रिय बीमा संस्थान" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।

***नोटः प्रबन्धपत्र तथा नियमावली संशोधनको तीन महले विवरण यसैसाथ संलग्न छ।***

**प्रस्ताव नं. ३:** कम्पनीको प्रवन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने।

**निर्णयः** विशेष प्रस्ताव नं.२ बमोजिम पारित भएको कम्पनीको प्रवन्धपत्र र नियमावलीको संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा कम्पनीको प्रवन्धपत्र र नियमावलीको मुल आशय परिवर्तन नहुने गरी आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने विशेष प्रस्ताव सर्वसम्मतिबाट निर्णय गरियो।

**प्रस्ताव नं. ४: कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. १०,००,०००।- बराबरको खर्च भएकोमा सो को अनुमोदन गर्ने।**

निर्णयः कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा मिति २०८१/०६/२० मा बसेको सञ्चालक समितिको ३०१औं बैठकको निर्णय बमोजिम कम्पनीले संवत् २०८१ आश्विन ११ र १२ गतेको अविरल वर्षाका कारण उत्पन्न बाढी तथा पहिरो लगायत अन्य प्राकृतिक प्रकोप प्रभावितलाई राहत एवम् उद्धार कार्यमा सहयोग पुऱ्याउने

उद्देश्यका साथ प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा रु.१० लाख आर्थिक सहयोग प्रदान गरेकोमा कम्पनी ऐन, २०६३ को दफा १०५ बमोजिम सो खर्चको अनुमोदन गर्न सभाका अध्यक्षज्यूले सभामा पेश गर्नु भएको विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

**(ग) विविधः** यस चौधौं वार्षिक साधारण सभामा निर्धारित प्रस्ताव सूची अन्तर्गत विविध शीर्षक अन्तर्गत छलफलको लागि कुनै विषय नभएको व्यहोरा कम्पनी सचिवबाट सभालाई जानकारी भयो।

**७. धन्यवाद ज्ञापन तथा सभा विसर्जनः**

यस कम्पनीको चौधौं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सूचना प्रकाशित गरी सभा बस्ने मिति, समय र स्थान र सभामा छलफल गरिने प्रस्तावहरु उल्लेख गरिए बमोजिम र कम्पनीका शेयरधनी महानुभावहरुलाई पत्राचार एवम् सूचना प्रवाह गरे बमोजिम सभास्थलमा तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका सञ्चालकहरु तथा विभिन्न निकायका प्रतिनिधिहरु उपस्थित हुनुभई चौधौं वार्षिक साधारण सभामा छलफल गर्ने विषय सूची अनुसार छलफल गरी प्रस्तावहरु पारित भएकोले सभाका अध्यक्षज्यूबाट यस सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले सकारात्मक तथा सक्रिय रुपमा छलफलमा सहभागी हुनुका साथै रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नुभएकोमा धन्यवाद व्यक्त गर्नु भयो। साथै, यस चौधौं वार्षिक साधारण सभा व्यवस्थित रुपमा सफलतापूर्वक सञ्चालन गरी सम्पन्न गर्न भूमिका खेल्नुहुने कम्पनीका सञ्चालकहरु, कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरु, शेयर रजिष्ट्रार, निर्वाचन अधिकृत, नेपाल प्रहरी तथा अन्य सहयोगी व्यक्ति तथा संस्थाहरु सबैलाई धन्यवाद दिँदै सभाको पहिलो सत्र सम्पन्न भएको घोषणा गर्नुभयो र सभाको दोश्रो सत्र अन्तर्गत मतदान कार्यक्रम हुने घोषणा गर्दै निर्वाचनका लागि निर्वाचन अधिकृत श्री शरद राना मगरलाई निर्वाचन कार्यक्रम शुरु गर्न आव्हान गर्नु भयो ।

## दोश्रो सत्र – सञ्चालक निर्वाचनको कार्यक्रम, मतदान एवं परिणाम घोषणा

१. निर्वाचन कार्यक्रम

सर्वसाधारण शेयरधनीहरुमध्येबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद १ को निर्वाचन गर्नका लागि कम्पनीको "सर्वसाधारण शेयरधनीहरु बाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन निर्देशिका, २०८२" बमोजिम सञ्चालक समितिबाट अधिवक्ता श्री शरद राना मगरलाईलाई निर्वाचन अधिकृत नियुक्त गरी निर्वाचन अधिकृतबाट सो निर्देशिका बमोजिम मिति २०८२।०९।११ गते निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएकोमा उक्त निर्वाचन कार्यक्रम अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकका लागि २ जना शेयरधनीहरु क्रमशः क्रमशः श्री सुधीर ज्ञवाली, र श्री नृपेश श्रेष्ठले कम्पनीको निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गराउनुभएकोमा दुवै जना उम्मेदवारहरुले सञ्चालक पदको निर्वाचनमा प्रतिस्पर्धा गर्नु भएको व्यहोरा निर्वाचन अधिकृत श्री शरद राना मगरबाट सभामा जानकारी गराई मतदान कार्य शुरु भयो।

२. मतदान एवं परिणाम घोषणाः

यस मतदानमा जम्मा ८४,५०,१९६ मत खसेको र सो मध्ये उम्मेदवार श्री सुधीर ज्ञवालीले जम्मा ६२,८५,९४९ मत र उम्मेदवार श्री नृपेश श्रेष्ठले जम्मा २१,६४,२४७ मत प्राप्त गर्नुभएकोमा श्री सुधीर ज्ञवालीले सबै भन्दा बढी मत प्राप्त गरी सर्वसाधारण शेयरधनी समूह "ख" बाट प्रतिनिधित्व गर्ने सञ्चालक पद १(एक) मा निर्वाचित हुनुभएको घोषणा निर्वाचन अधिकृत अधिवक्ता श्री शरद राना मगरले गर्नु भयो। साथै, निर्वाचन अधिकृत श्री शरद राना मगरबाट निर्वाचित हुनुभएको सञ्चालक श्री सुधीर ज्ञवालीलाई सपथ ग्रहण गराइयो।

३. सभा विसर्जनः

यस चौधौं वार्षिक साधारण सभाको पहिलो सत्र अन्तर्गत सभाको वैधानिकता यकिन भई प्रस्तावहरु उपर छलफल तथा निर्णयहरु भईसकेको र सभाको दोश्रो सत्र अन्तर्गत सञ्चालक पदको मतदान एवं परिणाम घोषणा भई निर्वाचन कार्यक्रम समेत सम्पन्न भइसकेको हुनाले कम्पनीका प्रमुख प्रवन्धक एवम् कम्पनी सचिव श्री रमेश पनेरूले मतदान कार्यक्रममा भाग लिनुहुने समस्त शेयरधनीहरु, निर्वाचन अधिकृतहरु, शेयर रजिष्ट्रारको टोली, शान्ति सुरक्षाको प्रवन्ध गरिदिनुहुने नेपाल प्रहरीको टोली र कम्पनीका कर्मचारीहरु लगायत सबैलाई धन्यवाद दिंदै कम्पनीको चौधौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो।

## हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (तेह्रौं संशोधन) प्रबन्धपत्र, २०८२

## तीन महले विवरण

| सि.नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| १. | **दफा ४ को उपदफा (१) -**<br>(१) यस कम्पनीको उद्देश्यहरु देहाय बमोजिम हुनेछः-<br>(क) जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा शेयर वा ऋण लगानी गर्ने।<br>(ख) बैंक, वित्तीय संस्था, गैह्र बैंकिङ्ग वित्तीय संस्था एवम् अन्य निकायहरुसँगको सहकार्य तथा सहभागितामा जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा लगानी गर्ने।<br>(ग) जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा वित्तीय लगानी गर्ने प्रयोजनका लागि विदेशी संस्थाबाट लगानी, ऋण तथा अनुदान प्राप्त गर्ने।<br>(घ) कम्पनीले आफ्नो नामबाट बण्ड, डिवेञ्चर लगायतका ऋणपत्रहरु तथा सर्टिफिकेट अफ डिपोजिटजस्ता वित्तीय उपकरणहरु जारी गरी दीर्घकालीन प्रकृतिको पूँजी परिचालन गर्ने। | **दफा ४ को उपदफा (१) मा संशोधन-**<br>(१) यस कम्पनीको उद्देश्यहरू देहाय बमोजिम हुनेछः-<br>(क) जलविद्युत वा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण र व्यापारसँग सम्बन्धित वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजना वा सङ्गठित संस्थामा शेयर वा ऋण लगानी गर्ने।<br>(ख) बैङ्क, वित्तीय संस्था, बीमा कम्पनी, गैरबैङ्किङ वित्तीय संस्था वा अन्य निकायहरूसँगको सहकार्य तथा सहभागितामा जलविद्युत वा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण र व्यापारसँग सम्बन्धित वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजना वा सङ्गठित संस्थामा लगानी गर्ने।<br>(ग) जलविद्युत वा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण र व्यापारसँग सम्बन्धित वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजना वा सङ्गठित संस्थामा वित्तीय लगानी गर्ने प्रयोजनका लागि विदेशी संस्थाबाट लगानी, ऋण वा अनुदान प्राप्त गर्ने।<br>(घ) कम्पनीले आफ्नो नामबाट बण्ड, डिवेञ्चर लगायतका ऋणपत्रहरु तथा सर्टिफिकेट अफ डिपोजिटजस्ता | ऊर्जा क्षेत्रमा प्रविधिगत विकास र ऊर्जा रूपान्तरणका नयाँ आयामलाई समेट्दै कम्पनीको कार्यक्षेत्र र लगानी दायरा विस्तार गर्न, जलविद्युत तथा नवीकरणीय ऊर्जा मात्र नभई विद्युतीय चार्जिङ स्टेसन, ग्रीन हाइड्रोजन, ब्याट्री ऊर्जा भण्डारण प्रणाली, स्मार्ट ग्रिड, स्मार्ट मिटर तथा डिजिटल ऊर्जा प्रविधि लगायतका उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजना वा सङ्गठित संस्थामा शेयर, ऋण तथा अन्य वित्तीय साधनमार्फत |

| सि.नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| | (ङ) जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाका लागि जारी हुने बण्ड, डिबेञ्चरजस्ता ऋणपत्रमा कम्पनीले लगानी गर्ने।<br>(च) जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाहरुको मूल्यांकनको लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्ने।<br>(छ) आफ्नो स्वामित्वमा सहायक कम्पनी स्थापना गरी जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना लिई लगानीकर्ता जुटाउने।<br>(ज) सम्बन्धित निकायको स्वीकृतिमा सामुहिक लगानी कोष स्थापना एवम् सञ्चालन गर्ने।<br>(झ) जलविद्युत तथा नवीकरणीय ऊर्जा क्षेत्रको विकासका लागि नेपाल सरकारद्वारा सञ्चालित पूँजी संकलनका कार्यक्रम वा योजनाहरुको कोष व्यवस्थापकको रुपमा कार्य गर्ने।<br>(ञ) ऊर्जासँग सम्बन्धित अध्ययन, अनुसन्धान, परामर्श लगायतका सेवा प्रदान गर्ने एवम् त्यस्तो सेवाप्रदायक कम्पनीमा शेयर वा ऋण लगानी गर्ने। | वित्तीय उपकरणहरु जारी गरी दीर्घकालीन प्रकृतिको पूँजी परिचालन गर्ने।<br>(ङ) जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनाका लागि जारी हुने बण्ड, डिबेञ्चरजस्ता ऋणपत्रमा कम्पनीले लगानी गर्ने।<br>(च) जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनाको मूल्याङ्कनको लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्ने।<br>(छ) आफ्नो स्वामित्वमा सहायक कम्पनी स्थापना गरी जलविद्युत वा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण र व्यापारसँग सम्बन्धित वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजना लिई लगानीकर्ता जुटाउने।<br>(ज) सम्बन्धित निकायको स्वीकृतिमा सामुहिक लगानी कोष स्थापना तथा सञ्चालन गर्ने।<br>(झ) जलविद्युत, नवीकरणीय ऊर्जा तथा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनाको विकासका लागि नेपाल सरकारद्वारा सञ्चालित पूँजी सङ्कलनका कार्यक्रम वा योजनाहरुको कोष व्यवस्थापकको रुपमा कार्य गर्ने।<br>(ञ) ऊर्जासँग सम्बन्धित अध्ययन, अनुसन्धान, परामर्श लगायतका सेवा प्रदान गर्ने तथा त्यस्तो सेवाप्रदायक | लगानी गर्न कानुनी आधार स्पष्ट गर्न, साथै वित्तीय स्रोत परिचालन, सहकार्य, जोखिम विविधीकरण र निजी तथा संस्थागत पूँजी आकर्षणलाई प्रवर्द्धन गर्न आवश्यक भएकोले। |

| सि.नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| | | कम्पनीमा शेयर वा ऋण लगानी गर्ने।<br>(ट) प्रचलित कानून बमोजिम स्थापित प्राइभेट इक्विटी वा भेञ्चर क्यापिटल फण्डले व्यवस्थापन गर्ने जलविद्युत वा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण र व्यापारसँग सम्बन्धित वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजना वा सङ्गठित संस्थामा लगानी गर्ने सम्बन्धी विशिष्टीकृत कोष प्रवर्द्धन गर्ने तथा त्यस्तो कोषमा लगानी गर्ने। । | |
| २. | <u>**दफा ५ को खण्ड (घ)-**</u><br>कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी ऋण लिने। | <u>**दफा ५ को खण्ड (घ) मा संशोधन-**</u><br>कम्पनीलाई आवश्यक पर्ने रकम बैङ्क, बीमा कम्पनी, गैरबैङ्किङ वित्तीय संस्था वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी ऋण लिने। | बैङ्किङ क्षेत्रको अतिरिक्त बीमा कम्पनी, गैरबैंकिङ वित्तीय संस्था तथा अन्य वित्तीय संस्थाबाट वित्तीय स्रोतको पहुँच विस्तार गर्न, पूँजी परिचालनलाई थप लचिलो तथा प्रभावकारी बनाउन र कम्पनीको वित्तीय व्यवस्थापनमा विविधता ल्याउन वाञ्छनीय भएकोले। |
| ३. | <u>**दफा ५ को खण्ड (च)**</u><br>कम्पनीले आर्थिक एवम् प्रविधिक रुपले सम्भाव्य जलविद्युत | <u>**दफा ५ को खण्ड (च) मा संशोधन--**</u><br>कम्पनीले आर्थिक तथा प्रविधिक रूपले सम्भाव्य जलविद्युत | ऊर्जा क्षेत्रमा प्रविधिगत परिवर्तन तथा नयाँ |

| सि.नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| | तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापारको निम्ति वित्तीय साधन लगानीका लागि कम्पनी समक्ष पेस हुन आउने विस्तृत परियोजना अध्ययन प्रतिवेदन विश्लेषण गरी उपयुक्तताको आधारमा त्यस्तो परियोजनामा लगानी गर्ने। | वा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण र व्यापारसँग सम्बन्धित वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनाको निम्ति वित्तीय साधन लगानीका लागि कम्पनी समक्ष पेस हुन आउने विस्तृत परियोजना अध्ययन प्रतिवेदन विश्लेषण गरी उपयुक्तताको आधारमा त्यस्तो परियोजनामा लगानी गर्ने। | उदीयमान ऊर्जा प्रविधिको विकासलाई समेट्दै कम्पनीको लगानी दायरा विस्तार गर्न, जलविद्युत तथा नवीकरणीय ऊर्जा बाहेक उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा समेत लगानी गर्ने कानुनी आधार स्पष्ट गर्न आवश्यक भएकोले। |
| ४. | **<u>दफा ५ को खण्ड (झ) -</u>**<br><br>कम्पनीले स्वदेशी वा विदेशी सङ्गठित संस्थाहरूसंगको संयुक्त लगानीमा जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा संस्थापक शेयरधनीको रुपमा लगानी गर्ने। | **<u>दफा ५ को खण्ड (झ) मा संशोधन -</u>**<br>कम्पनीले स्वदेशी वा विदेशी सङ्गठित संस्थासँगको संयुक्त लगानीमा जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा संस्थापक शेयरधनीको रुपमा लगानी गर्ने। | जलविद्युत तथा नवीकरणीय ऊर्जा बाहेक उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा समेत कम्पनीले लगानी गर्ने क्षेत्रको दायरा विस्तार गर्नुपर्ने भएकोले। |
| ५. | **<u>दफा ५ को खण्ड (ट) -</u>**<br>कम्पनीले नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त गरी जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा प्रत्यक्ष वा | **<u>दफा ५ को खण्ड (ट) मा संशोधन -</u>**<br>कम्पनीले नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त गरी जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित | जलविद्युत तथा नवीकरणीय ऊर्जा बाहेक उदीयमान ऊर्जा |

| सि.नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| | कुनै बैङ्क वा वित्तीय संस्था मार्फत अप्रत्यक्ष वा अनलेण्डिङ्ग रुपमा ऋण प्रवाह गर्ने। | परियोजनामा प्रत्यक्ष वा कुनै बैङ्क वा वित्तीय संस्था मार्फत अप्रत्यक्ष वा अनलेण्डिङ्ग रुपमा ऋण प्रवाह गर्ने। | प्रविधिसँग सम्बन्धित परियोजनामा समेत कम्पनीले लगानी परिचालन गर्नसक्ने क्षेत्र विस्तार गर्नुपर्ने भएकोले। |
| ६. | **<u>दफा ५ को खण्ड (ठ) -</u>**<br>जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य अन्य स्वदेशी वा विदेशी निकाय बाट प्राप्त भएको रकम ऋणको रुपमा प्रवाह गर्ने वा ऋण व्यवस्थापन गर्ने। | **<u>दफा ५ को खण्ड (ठ) मा संशोधन -</u>**<br>जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम ऋणको रुपमा प्रवाह गर्ने वा ऋण व्यवस्थापन गर्ने। | जलविद्युत तथा नवीकरणीय ऊर्जा बाहेक उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा समेत कम्पनीले लगानी परिचालन गर्नसक्ने क्षेत्र विस्तार गर्नुपर्ने भएकोले। |
| ७. | **<u>दफा ५ को खण्ड (ढ१) -</u>**<br>कम्पनीले जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित आयोजनाहरू आफ्नो स्वामित्वमा लिई सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन, विस्तृत अध्ययन गरी वा गराई निर्माण गर्न आवश्यक कार्य गर्ने। | **<u>दफा ५ को खण्ड (ढ१) मा संशोधन -</u>**<br>कम्पनीले जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजना आफ्नो स्वामित्वमा लिई सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन, विस्तृत अध्ययन गरी वा गराई निर्माण गर्न आवश्यक कार्य गर्ने। | कम्पनीले लगानी परिचालन गर्नसक्ने क्षेत्र विस्तार गर्नुपर्ने भएकोले। |
| ८. | **<u>दफा ६ को खण्ड (ख) (ग) र (घ) -</u>**<br>(ख) कम्पनीको तत्काल जारी शेयर पूँजी रु. २४,५५,९८,१३,४००।- (अक्षरेपि चौबिस अर्ब | दफा ६ को खण्ड (ख), (ग) र (घ) को सट्टा देहायका खण्ड (ख), (ग) र (घ)-राखिएका छन् :-<br>(ख) कम्पनीको तत्काल जारी शेयर पूँजी रु. | कम्पनीबाट प्रदान गरिने १.५% बोनस शेयरको कारणले हुने पूँजी वृद्धिको |

<table>
<tr><th>सि.नं.</th><th>विद्यमान व्यवस्था</th><th>प्रस्तावित व्यवस्था</th><th>संशोधन गर्नुको कारण</th></tr>
<tr><td></td><td>
पचपन्न करोड अन्ठानब्बे लाख तेह्र हजार चार सय रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००।- (अक्षरेपि एकसय रुपैयाँ) दरका २४,५५,९८,१३४ (चौबिस करोड पचपन्न लाख अन्ठानब्बे हजार एक सय चौतिस) थान साधारण शेयरमा विभाजन गरिएको छ।<br>
(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १९,५७,०२,१३,४००।- (अक्षरेपि उन्नाइस अर्ब सन्ताउन्न करोड दुई लाख तेह्र हजार चार सय रुपैयाँ) र सर्वसाधारणले चुक्ता गर्न कबुल गरेको पूँजी रु. ४,९८,९६,००,०००।- (अक्षरेपि चार अर्ब अन्ठानब्बे करोड छयानब्बे लाख रुपैयाँ) हुनेछ।<br>
(घ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा बर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ। यो समूहलाई देहाय बमोजिम २ वटा उपसमूहमा विभाजन गरिएको छः
<table>
<tr><th>क्र.सं.</th><th>शेयरधनीको विवरण</th><th>शेयर संख्या (कित्ता)</th></tr>
<tr><td colspan="3">उपसमूह क-१</td></tr>
<tr><td>१.</td><td>नेपाल सरकार, अर्थ मन्त्राल</td><td>४,९८,९६,०००</td></tr>
<tr><td>२.</td><td>नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ</td><td>२,४९,४८,०००</td></tr>
</table>
</td><td>
२४,९२,८२,१०,६००।- (अक्षरेपि चौबिस अर्ब बयानब्बे करोड बयासी लाख दश हजार छ सय रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००।- (अक्षरेपि एक सय रुपैयाँ) दरका २४,९२,८२,१०६।- (चौबिस करोड बयानब्बे लाख बयासी हजार एक सय छ) थान साधारण शेयरमा विभाजन गरिएको छ।<br>
(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १९,८६,३७,६६,६००।- (अक्षरेपि उन्नाइस अर्ब छयासी करोड सैंतिस लाख छैसठ्ठी हजार छ सय रुपैयाँ) र सर्वसाधारणले चुक्ता गर्न कबुल गरेको पूँजी रु. ५,०६,४४,४४,०००।- (अक्षरेपि पाँच अर्ब छ करोड चौवालिस लाख चौवालिस हजार रुपैयाँ) हुनेछ।<br>
(घ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा बर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ७९.६८ प्रतिशत हुनेछ। यो समूहलाई देहाय बमोजिम २ वटा उपसमूहमा विभाजन गरिएको छः-
<table>
<tr><th>क्र.सं.</th><th>शेयरधनीको विवरण</th><th>शेयर संख्या (कित्ता)</th></tr>
<tr><td colspan="3">उपसमूह क-१</td></tr>
<tr><td>१.</td><td>नेपाल सरकार, अर्थ</td><td>५,०६,४४,४४०</td></tr>
</table>
</td><td>रकमलाई समायोजन गर्न आवश्यक भएकोले।</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>विद्यमान व्यवस्था</th><th>प्रस्तावित व्यवस्था</th><th>संशोधन गर्नुको कारण</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>मन्त्रालय</td><td></td></tr>
<tr><td>३.</td><td>नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय</td><td>२,४९,४८,०००</td></tr>
<tr><td>४.</td><td>नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय</td><td>२,४९,४८,०००</td></tr>
<tr><td colspan="3">उपसमूह क-२</td></tr>
<tr><td>५.</td><td>कर्मचारी सञ्चय कोष</td><td>१,२४,७४,०००</td></tr>
<tr><td>६.</td><td>राष्ट्रिय बीमा संस्थान</td><td>१,२४,७४,०००</td></tr>
<tr><td>७.</td><td>नागरिक लगानी कोष</td><td>१,२४,७४,०००</td></tr>
<tr><td>८.</td><td>अन्य संस्थापक</td><td>३,३५,४०,१३४</td></tr>
</table>
</td><td>
<table>
<tr><td></td><td>मन्त्रालय</td><td></td></tr>
<tr><td>२.</td><td>नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय</td><td>२,५३,२२,२२०</td></tr>
<tr><td>३.</td><td>नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय</td><td>२,५३,२२,२२०</td></tr>
<tr><td>४.</td><td>नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय</td><td>२,५३,२२,२२०</td></tr>
<tr><td colspan="3">उपसमूह क-२</td></tr>
<tr><td>५.</td><td>कर्मचारी सञ्चय कोष</td><td>१,२६,६१,११०</td></tr>
<tr><td>६.</td><td>राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड</td><td>१,२६,६१,११०</td></tr>
<tr><td>७.</td><td>नागरिक लगानी कोष</td><td>१,२६,६१,११०</td></tr>
<tr><td>८.</td><td>अन्य संस्थापक</td><td>३,४०,४३,२३६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९.</td><td><u>दफा ११ को उपदफा (६) -</u><br>कम्पनीले जलविद्युत परियोजनामा लगानी गर्दा कम्तिमा २५ मेगावाट वा सो भन्दा बढीका मझौला तथा ठुला जलविद्युत उत्पादन परियोजनामा संस्थापक शेयरधनीका रुपमा शेयर लगानी तथा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा ऋण प्रदान गर्ने छ।</td><td><u>दफा ११ को उपदफा (६) मा संशोधन -</u><br>कम्पनीले जलविद्युत परियोजनामा लगानी गर्दा कम्तीमा २५ मेगावाट वा सो भन्दा बढीका मझौला तथा ठूला जलविद्युत उत्पादन परियोजनामा संस्थापक शेयरधनीका रुपमा शेयर लगानी तथा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा ऋण प्रदान गर्नेछ।</td><td>लगानी विविधीकरण र दायरा विस्तार गर्न आवश्यक भएकोले।</td></tr>
</table>

| सि.नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| | तर कम्पनीबाट लगानी भएका परियोजनाको प्रवर्द्धकबाट निर्माण गरिने सो परियोजनाको क्यास्केड (Cascade) परियोजनामा लगानी गर्दा वा कुनै परियोजनाको क्षमता वा उत्पादन अभिवृद्धि गर्ने योजना अनुसार निर्माण गरिने पूरक परियोजनामा लगानी गर्दा वा कम्पनी आफैले प्रवर्द्धन गरेको सहायक कम्पनी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाद्वारा विकास गरिने परियोजनामा लगानी गर्दा यो व्यवस्था लागू हुने छैन | तर देहायको अवस्थामा सो व्यवस्था लागू हुने छैनः—<br>(क) कम्पनीबाट लगानी भएका परियोजनाको प्रवर्द्धकबाट निर्माण गरिने सो परियोजनाको क्यास्केड (**Cascade**) परियोजनामा लगानी गर्दा,<br>(ख) कम्पनीबाट लगानी भएका परियोजनाको क्षमता वा उत्पादन अभिवृद्धि गर्ने योजना अनुसार निर्माण गरिने पूरक परियोजनामा लगानी गर्दा,<br>(ग) कम्पनी आफैंले लगानी गरेको परियोजना वा सङ्गठित संस्था मार्फत् विकास गरिने परियोजनामा लगानी गर्दा,<br>(घ) नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाद्वारा विकास गरिने परियोजनामा लगानी गर्दा,<br>वा<br>(ङ) जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित कुनै परियोजना वा सङ्गठित संस्थाले सर्वसाधारणलाई शेयर निष्कासन गर्नुअघि त्यस्तो परियोजना वा | |

| सि.नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| | | सङ्गठित संस्थालाई अल्पकालीन कर्जा (ब्रिज फाइनान्सिङ) लगानी गर्दा। | |
| १०. | <u>दफा १२ को उपदफा (२)-</u><br>यो कम्पनीले जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा मात्र लगानी गर्ने गरी नेपाली नागरिक, गैरआवासीय नेपाली, स्वदेशी÷विदेशी संस्थाले खरीद गर्न पाउने गरी सर्टिफिकेट अफ डिपोजिट जारी गर्ने र परियोजनामा ऋण प्रवाह गर्नका लागि उक्त कार्य प्रारम्भ गर्नु अघि नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिनेछ।<br>तर, प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिएका नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिनुपर्ने कार्य बाहेक अन्य कार्य प्रारम्भ गर्ने गरी कम्पनी संस्थापना गर्नु अघि नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिन अनिवार्य हुने छैन। | <u>दफा १२ को उपदफा (२) मा संशोधन-</u><br>दफा १२ को उपदफा (२)<br>(२) यो कम्पनीले जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा मात्र लगानी गर्ने गरी नेपाली नागरिक, गैरआवासीय नेपाली, स्वदेशी/विदेशी संस्थाले खरीद गर्न पाउने गरी सर्टिफिकेट अफ डिपोजिट जारी गर्ने र परियोजनामा ऋण प्रवाह गर्नका लागि उक्त कार्य प्रारम्भ गर्नुअघि नेपाल राष्ट्र बैङ्कबाट पूर्व स्वीकृति लिनेछ।<br>तर, प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिएका नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति लिनुपर्ने कार्य बाहेक अन्य कार्य प्रारम्भ गर्ने गरी कम्पनी संस्थापना गर्नुअघि नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिन अनिवार्य हुने छैन। | जलविद्युत तथा नवीकरणीय ऊर्जा बाहेक उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा समेत कम्पनीले लगानी परिचालन गर्नसक्ने क्षेत्र विस्तार गर्नुपर्ने भएकोले। |
| ११. | <u>अनुसूची -</u>(प्रबन्धपत्रको दफा (१२) को उपदफा (४) सँग सम्बन्धित)<br>२.३ बैंक वा वित्तिय संस्थाहरु मार्फत जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा लगानी गर्नका लागि त्यस्ता बैंक वा वित्तिय संस्थाहरुलाई थोक ऋण (अनलैण्डिङ्ग) उपलब्ध गराउने वा | <u>अनुसूचीमा संशोधन-</u>(प्रबन्धपत्रको दफा (१२) को उपदफा (४) सँग सम्बन्धित)<br>उपप्रकरण २.३ र २.४ को सट्टा देहायका उपप्रकरण २.३ र २.४ राखिएका छन् :-<br>२.३ बैङ्क वा वित्तीय संस्थाहरु मार्फत जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग | जलविद्युत तथा नवीकरणीय ऊर्जा बाहेक उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा समेत कम्पनीले लगानी |

| सि.नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| | सहवित्तीयकरणमा सहभागी हुने।<br>२.४ जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनालाई पच्चीस करोड रुपैंया र सोभन्दा बढीको प्रत्यक्ष ऋण प्रवाह गर्ने। | सम्बन्धित परियोजनामा लगानी गर्नका लागि त्यस्ता बैङ्क वा वित्तीय संस्थाहरुलाई थोक ऋण (अनलेण्डिङ्ग) उपलब्ध गराउने वा सहवित्तीयकरणमा सहभागी हुने।<br>२.४ जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनालाई पच्चीस करोड रुपैंया र सोभन्दा बढीको प्रत्यक्ष ऋण प्रवाह गर्ने। | परिचालन गर्नसक्ने क्षेत्र विस्तार गर्नुपर्ने भएकोले। |
| | नभएको। | **<u>अनुसूचीमा संशोधन-</u>** (प्रबन्धपत्रको दफा (१२) को उपदफा (४) सँग सम्बन्धित)<br>उपप्रकरण २.४ पछि देहायको उपप्रकरण २.५ थपिएको छः-<br>२.५ उदीयमान ऊर्जा प्रविधि अन्तर्गत विद्युतीय चार्जिङ स्टेसन, ग्रीन हाइड्रोजन, ब्याट्री ऊर्जा भण्डारण प्रणाली, स्मार्ट ग्रिड, स्मार्ट मिटर तथा डिजिटल लगायत ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा ऋण तथा शेयर लगानी गर्ने। | उदीयमान ऊर्जा प्रविधि अन्तर्गतका विद्युतीय चार्जिङ स्टेसन, ग्रीन हाइड्रोजन, ब्याट्री ऊर्जा भण्डारण प्रणाली, स्मार्ट ग्रिड, स्मार्ट मिटर तथा डिजिटल लगायत ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा लगानीको क्षेत्र विस्तार गर्न आवश्यक भएकोले। |

## हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (तेह्रौं संशोधन) नियमावली, २०८२

**तीन महले विवरण**

| सि.नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| १. | नभएको | **नियम ३६ को उपनियम (७) पछि उपनियम (८) (९) र (१०) थपिएको:**<br>(८) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक अवधिको लागि पुनः नियुक्त हुन सक्नेछ।<br>(९) प्रमुख कार्यकारी अधिकृतले सञ्चालक समितिसँग कार्यसम्पादन सम्झौता गर्नेछ।<br>(१०) उपनियम (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृतले सञ्चालक समितिसँग गरेको सम्झौता बमोजिमको कार्यसम्पादन सन्तोषजनक नभएमा वा कार्यक्षमताको अभाव वा खराब आचरण भएमा निजलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ।<br>तर, त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ। | कम्पनीको नियमावलीमा प्रमुख कार्यकारी अधिकृतको पदावधिको स्पष्ट व्यवस्था नभएको साथै अन्य सार्वजनिक संस्था तथा बैङ्क तथा वित्तीय संस्थाको व्यवस्थालाई समेत दृष्टिगत गरी प्रमुख कार्यकारी अधिकृतको पदावधि नियमावलीमा राख्न उपयुक्त भएकोले। |
| २. | **नियम ४९ को उपनियम (१) -**<br>(१) यो कम्पनी कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई ऐन अन्तर्गत रही यसले जलविद्युत तथा नवीकरणीय | **नियम ४९ को उपनियम (१) मा संशोधन -**<br>(१) कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई यस कम्पनीले जलविद्युत, नवीकरणीय ऊर्जा वा उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा लगानी गर्न तथा त्यस्तो परियोजना विकास | जलविद्युत तथा नवीकरणीय ऊर्जा बाहेक उदीयमान ऊर्जा प्रविधिसँग सम्बन्धित परियोजनामा समेत कम्पनीले लगानी परिचालन गर्नसक्ने |

| सि.नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| | उर्जा क्षेत्रमा लगानी एवं विकासका लागि मात्र आवश्यक कारोबार गर्नेछ। | गर्नका लागि मात्र आवश्यक कारोबार गर्नेछ। | क्षेत्र विस्तार गर्नुपर्ने भएकोले। |
| ३. | **<u>नियम ४९ को उपनियम (५क) र (६)</u>**<br>(५क) उपनियम (५) बमोजिम नायव महाप्रबन्धकको नियुक्ति सम्बन्धी सम्पूर्ण कार्य पदपूर्ति उपसमितिले गर्नेछ। उपसमितिले आवश्यक ठानेमा नायव महाप्रबन्धकको नियुक्तिको लागि छनौट प्रक्रियाका सम्बन्धमा सुझाव लिन सम्बन्धित क्षेत्रका विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।<br>(६) नायब महाप्रबन्धकको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु समितिले तोके बमोजिम वा सेवा करारद्वारा निश्चित गरिनेछ। | झिकिएको। | नायब महाप्रबन्धक पदको पदनाम परिवर्तन भई नायब प्रमुख कार्यकारी अधिकृत कायम भइसकेको तथा उक्त पदमा स्थायी पदपूर्ति समेत सम्पन्न भइसकेको हुँदा, सो पदसम्बन्धी व्यवस्था कर्मचारी विनियमावली, २०६८ मा नै उल्लेख भएकोले नियमावलीमा सो व्यवस्था राख्न आवश्यक नदेखिएको। |
| ४. | | <u>रूपान्तर</u> : मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "राष्ट्रिय बीमा संस्थान" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ। | राष्ट्रिय बीमा संस्थानको नाम परिवर्तन भई राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड भएकोले। |